कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय

# मेहलकुना अस्पताल

सुर्खेत

## सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**(प्रथम पटक सूचना प्रकाशित मिति: २०८३/०१/०८)**

मेहलकुना अस्पताल गुर्भाकोट,सुर्खेतका लागि देहायका पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले सम्बन्धित पदका लागि योग्यता पुगेका नेपाली नागरिकहरुले निर्धारित ढाँचाको फाराम भरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं. | पद नाम | तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| ०४/०८२/०८३ | मेडिकल अधिकृत | आठौं | १(एक) | नेपाल सरकारको मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित एम.वि.वि.एस.(MBBS) पूरा गरी काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । साथै तालिम प्राप्त र अनुभव प्राप्त उम्मेदवारलाई प्राथमिकता दिइनेछ । |

१. **नेपाली नागरिक:**

२. **न्यूनत्तम योग्यता :** कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० तथा कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० बमोजिम योग्यता हासिल गरेको हुनुपर्नेछ।

३. **पेश गर्नुपर्ने कागजातहरु:** दुई प्रति पासपोर्ट साइजको फोटो, दरखास्त फारामसँग सम्बन्धित कोर्ष उत्तिर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाण पत्र, अध्यावधिक भएको परिषद् दर्ता प्रमाण पत्र, कार्य अनुभव भए सोको प्रमाणपत्र, तालिम लिएको भए तालिमको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

४. **दरखास्त दिने विधि:** मेहलकुना अस्पताल सुर्खेतको प्रशासन शाखा तथा कार्यालयको ईमेल ठेगानाः mehalkunahospital@gmail.com मा समेत उक्त अवधि भित्र दरखास्त पेश गर्न सकिनेछ । दरखास्त फाराम सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेशको वेबसाइट mosd.karnali.gov.np.www बाट डाउनलोड गर्न सकिने छ।

५. **दरखास्त दिने अन्तिम मिति :** २०८३/०१/२२ गते कार्यालय समय भित्र तथा उक्त दिन सार्वजनिक बिदा भएमा बिदा पछि कार्यालय खुलेको पहिलो दिन। म्याद नाघि आएको र रीत नपुगेको दरखास्तलाई मान्यता दिईने छैन।

६. **तलब, भत्ता:** नेपाल सरकारको प्रचलित तलब स्केल तथा कर्णाली प्रदेश सरकारले निर्णय अनुसार प्रोत्साहन भत्ता समेत हुनेछ।

७. **सेवा करार अवधि:** वि.सं.२०८३ असार मसान्त सम्म र आगामी बर्षमा उक्त कार्यक्रम आएमा सेवा करार नवीकरण गर्न सकिनेछ।

८. **परीक्षाको किसिम:** कर्णाली प्रदेश सरकारको प्राविधिक जनशक्ति छनोट गर्ने सम्बन्धी कार्यविधि, २०७६ (संशोधन सहित ) बमोजिम हुनेछ।

९. **परीक्षा दस्तुर:** रु.१०००/- (अक्षरुपी एक हजार मात्र) प्रदेश लेखा नियन्त्रक कार्यालय,सुर्खेतको नाममा नेपाल बैंक लिमिटेड, सुर्खेत शाखामा रहेको राजश्व खाता नं. २७५०२०००००१००१०००००१ वा रा.वा.बैक सुर्खेत शाखाको राजश्व खाता १०००१००२०१०१००००६ मा राजश्व शिर्षक **परीक्षा शुल्क बापत ( शिर्षक १४२२४ ) मेहलकुना अस्पताल सुर्खेत कोड नं. ३५००२६८०४६ मा रकम जम्मा गर्नुपर्नेछ।**

१०. दरखास्त दिने व्यक्ति कुनै कानूनले अयोग्य नठहरिएको र कुनै अभियोग नलागेको स्व-घोषणा हुनुपर्नेछ।

११. दरखास्त प्राप्त भएको अन्तिम दिन अन्तवार्ताका लागि संक्षिप्त सूची र समय तालिका प्रकाशित गरिनेछ।

१२. यस सूचनामा उल्लेखित बाहेकका बिषयहरु प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछन्। सूचनामा कुनै संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ। अन्य कुराहरुको जानकारीको लागि कार्यालय समयभित्र कार्यालयको फो.नं.०८३-४१००११ वा सूचना अधिकारीको मो .नं .९८६८००२२७२ मा सम्पर्क गर्न सकिनेछ।

**पदपूर्ति समिति**